मिति २०८३/०३/०९ गतेका दिन थुलुङ दुधकोशी गाउँपालिकाको श्रद्धेय कार्यवाहक अध्यक्ष श्री सविता राईज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकमा निम्न उपस्थिति बीच तपसिलका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णयहरु सर्वसम्मतिबाट पारित गरियो ।

| सि.नं. | नाम र थर | पद | दस्तखत | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | सविता राई | कार्यवाहक अध्यक्ष | | ९८६३९१००३४ |
| २ | घनराज सुनुवार | १ नं. वडाअध्यक्ष | | ९८५१०४७२४४ |
| ३ | युजन बस्नेत | २ नं. वडाअध्यक्ष | | ९८५२८३१८४८ |
| ४ | ईन्द्रमणि दाहाल | ३ नं. वडाअध्यक्ष | | ९८६९२२५०१४ |
| ५ | श्याम कुमार गुरुङ | ४ नं. वडाअध्यक्ष | | ९८४२९३६४५३ |
| ६ | चन्द्र बहादुर राई | ५ नं. वडाअध्यक्ष | | ९८४४४९५२५५ |
| ७ | महेन्द्रदीप राई | ६ नं. वडाअध्यक्ष | | ९८५१०६४७५८ |
| ८ | भोजराज कार्की | ७ नं. वडाअध्यक्ष | | ९८५२८५१००७ |
| ९ | राजेश राई | ८ नं. वडाअध्यक्ष | | ९८६१२१२०७८ |
| १० | सन कुमार तामाङ | ९ नं. वडाअध्यक्ष | | ९८६९८०६५९५ |
| ११ | बुद्धिराज राई | कार्यपालिका सदस्य | | ९८६१०६५७५८ |
| १२ | डिल्ली बि.क. | कार्यपालिका सदस्य | | ९८६०६३४७७७ |
| १३ | सरिता राई | कार्यपालिका सदस्य | | ९८६२४२२३५० |
| १४ | तमुना राई | कार्यपालिका सदस्य | | ९८४१९४३८६२ |
| १५ | तारा देवी श्रेष्ठ | कार्यपालिका सदस्य | | ९८६२१२३५३१ |
| १६ | सर्मिला हिङमाङ | कार्यपालिका सदस्य | | ९७४५२७४३४० |
| १७ | नवराज कोइराला | सचिव | | ९८५२८६६१२३ |

प्रस्ताव:-

1) आ.व.२०८३/८४ को एकिकृत बजेट,नीती तथा कार्यक्रम तर्जुमा सम्बन्धमा।
2) वडागत तथा कार्यपालिकास्तरीय योजना स्वीकृत सम्बन्धमा ।
3) आर्थिक विधेयक,२०८३ पेश गर्ने सम्बन्धमा ।
4) विनियोजन विधेयक,२०८३ पेश गर्ने सम्बन्धमा।
5) न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा ।
6) योजना अनुगमन प्रतिवेदन सम्बन्धमा ।
7) विदा स्वीकृत सम्बन्धमा ।
8) थुलुङ दुधकोशी खेलग्रामको भेरिएसन सम्बन्धमा ।
9) आधारभुत स्वास्थ्य केन्द्र संचालनको लागी अनुमति प्रदान सम्बन्धमा ।
10) न्यूनतम जग्गा मूल्याङ्कन सम्बन्धमा ।
11) क्रसरको ईजाजत पत्र प्रदान गर्ने सम्बन्धमा ।
12) विविध

निर्णय

१. यस थुलुङ दुधकोशी गाउँपालिकाको श्रद्धेय कार्यवाहक अध्यक्ष श्री सविता राईज्यूले प्रस्तुत गर्नु भएको आ.व.२०८३/८४ को प्रस्तावित एकिकृत बजेट,नीति तथा कार्यक्रम सम्मानित गाउँसभामा स्वीकृतको लागी पेश गर्ने प्रयोजनार्थ आवश्यक छलफल सहित सर्वसम्मतले पारित गरियो ।
२. आर्थिक वर्ष २०८३/८४ को लागी श्रद्धेय कार्यवाहक अध्यक्ष श्री सविता राईज्यूको संयोजकत्मा बसेको स्रोत अनुमान तथा बजेट निर्धारण समितिले पेश यस गाउँपालिका अन्तर्गतका वडाहरुलाई दिएको सिलिङ्ग र उक्त शिलिङ्गभित्र प्राप्त योजना तथा कार्यक्रमहरु एंव गाउँपालिकाको कार्यपालिका स्तरीय योजना तथा कार्यक्रमहरु समेतको प्राथमिकिकरण र छनोट सम्बन्धी विषयमा व्यापक रुपमा छलफल गरी सम्मानित गाउँ सभामा स्वीकृतको लागी पेश गर्ने गरी सर्वसम्मतले पारित गरियो ।
३. आर्थिक वर्ष २०८३/८४ को आर्थिक विद्येयक,२०८३ माथी व्यापक छलफल गरी सम्मानित गाउँसभामा स्वीकृतको लागी पेश गर्ने गरि सर्वसम्मतले पारित गरियो ।
४. आर्थिक वर्ष २०८३/८४ विनियोजन विद्येयक,२०८३ माथी व्यापक छलफल गरी सम्मानित गाउँसभामा स्वीकृतको लागी पेश गर्ने गरि सर्वसम्मतले पारित गरियो ।
५. यस थुलुङ दुधकोशी गाउँपालिकाको श्रद्धेय कार्यवाहक अध्यक्ष तथा न्यायिक समितिको संयोजक श्री सविता राईज्यूले आ.व.२०८२/८३ को न्यायिक समितिद्धारा सम्पादन गरिएका कार्यहरुको प्रतिवेदन सम्मानित गाउँसभामा पेश गर्ने प्रयोजनार्थ प्रस्तुत गर्नु भएको उक्त प्रतिवेदन माथी छलफल गरी सर्वसम्मतले पारित गरियो ।

नवराज कोइराला
प्रमुख प्रशासकीय अधिकृत

६. यस थुलुङ दुधकोशी गाउँपालिकाको श्रद्धेय कार्यवाहक अध्यक्ष श्री सविता राईज्यूले आ.व.२०८२/८३ को योजना अनुगमन सम्बन्धी प्रस्तुत गर्नु भएको प्रतिवेदन माथी छलफल गरि सर्वसम्मतले पारित गरियो ।साथै श्रद्धेय कार्यवाहक अध्यक्ष श्री सविता राईज्यूले आ.व.२०८२/८३ को स्थानीय बजार व्यवस्थपान तथा अनुगमन सम्बन्धी प्रतिवेदनसमेत छलफल गरि सर्वसम्मतले पारित गरियो ।

७. थुलुङ दुधकोशी गाउँपालिका अन्तर्गत थुलुङ दुधकोशी अस्पतालमा कार्यरत सि.अ.न.मि. श्री भगवति वि.क.को वेतलबी बिदा स्वीकृत गर्ने निर्णय गरियो ।

८. थुलुङ दुधकोशी गाउँपालिका वडा नं.६ मुक्लीमा निर्माणधिन थुलुङ दुधकोशी खेलग्रामको भेरिएसन प्रतिवेदनको प्राविधिक तथा प्रशासनिक पक्षको सान्दर्भिकता जाँचबुझ,अध्यन तथा छानविनको लागी मिति २०८३।०२।१० गतेको कार्यपालिकाको निर्णय अनुसार गठित **"जाँचबुझ तथा छानविन समिति"** ले पेश गरेको भेरिएसन प्रतिवेदन गाउँसभामा पेश गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।

९. जनस्वास्थ्य ऐन,२०७५ तथा जनस्वास्थ्य सेवा नियमावली,२०७७ बमोजिम आधारभुत स्वास्थ्य इकाई संचालन गर्नको लागी श्री आधारभुत स्वास्थ्य इकाई थुलुङ दुधकोशी गाउँपालिका९,गोपो र श्री आधारभुत स्वास्थ्य इकाई थुलुङ दुधकोशी गाउँपालिका-८,रनेमलाई इजाजतपत्र दिने निर्णय सर्वसम्मतले पारित गरियो ।

१०.भूमि प्रशासन कार्यालय सल्लेरी,सोलुखुम्बुको मिति २०८३/०३/०१ गतेको पत्र अनुसार आर्थिक वर्ष २०८३/८४ को लागी यस थुलुङ दुधकोशी गाउँपालिका भित्रको न्यूनतम मूल्याङ्कनमा १० (दश) प्रतिशतले बृद्धी गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।

११.थुलुङ दुधकोशी गाउँपालिका वडा नं.२ काँगेलमा संचालित दुधकोशी क्रसर उद्योगलाई संचालनका लागी अनुमति दिने सर्वसम्मतले पारित गरियो ।

१२.विविध

- थुलुङ दुधकोशी गाउँपालिका वडा नं.३ पंचन निवासी श्री युवराज कामीलाई वडा कार्यालयको सिफारिस पत्र अनुसार रु.२००००.००, थुलुङ दुधकोशी गाउँपालिका वडा नं.२ काँगेल निवासी श्री नन्द कुमारी कामीलाई वडा कार्यालयको सिफारिस पत्र अनुसार रु.१५०००.००,थुलुङ दुधकोशी गाउँपालिका वडा नं.४ निवासी श्री रोनिका वि.क.लाई रु.१५०००.०० र थुलुङ दुधकोशी गाउँपालिका वडा नं.१ निवासी रमेश भुजेलको श्रीमती श्री मैया भुजेललाई रु.१००००.०० आर्थिक सहायता प्रदान गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।

नवराज कोइराला
प्रमुख प्रशासकीय अधिकृत